श्री

# महादेवा गाउँपालिका

# सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समिति गठन तथा परिचालन कार्यविधि २०८२

महादेवा गाउँपालिका

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति २०८१/५/६

२०८२-

सुनिल कुमार मण्डल
गा.पा. अध्यक्ष

प्रस्तावना: विपद्को उच्च जोखिममा रहेको महादेवा गाउँपालिकामा उपलब्ध स्थानीय श्रोत र साधनको अधिकतम प्रयोग गरि विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन कार्यमा स्थानीय समुदायलाई व्यवस्थित र प्रभावकारी रुपमा परिचालनका लागी कानुन बनाउन वान्छनीय भएकोले विपद् व्यवस्थापन ऐन २०७४ को दफा १७ को उपदफा (३) लाई आधार मानेर यो कार्यविधि निर्माण गरि लागु गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ (क) यो कार्यविधिको नाम :"सामुदायीक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समिति गठन तथा परिचालन कार्यविधि २०८२" रहेको छ । (ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकासित भएको मिति देखी लागू हुने छ ।

**१.१.परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

क) "समिति" भन्नाले विपद् जोखिम न्युनीकरणका लागि समुदायमा सामूहिक भेलाबाट गठन भएका सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समिति सम्झनु पर्दछ ।

ख) "संयोजक" भन्नाले सामुदायिक विपद् व्यवस्थापन तथा जलबायु उत्थानसिल समितिको संयोजकलाई जनाउनेछ ।

ग) "पदाधिकारी" भन्नाले सामुदायिक विपद् व्यवस्थापन समितिको संयोजक, सचिव र कोषाध्यक्ष समेतलाई जनाउनेछ ।

घ) "सदस्य" भन्नाले सामुदायिक विपद् व्यवस्थापन समितिका संयोजक, कार्यसमितिका पदाधिकारी सदस्य लगायत तोकिएको समुदायभित्र बसोबास गर्ने घरधुरीका सदस्यलाई समेत जनाउने छ ।

ङ) "उपसमिति" भन्नाले सामुदायिक विपद् व्यवस्थापन समितिद्वारा आवश्यकतानुसार गठन हुने उपसमितिलाई जनाउछ ।

च) "गैरप्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल , डढेलो, कीट वा सुक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचुरुङ्गिमा हुने फ्लु, जनावर आतङ्क, खानी, हवाई सडक ,जल वा औधोगिक दूर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकीरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त औषधी सेवन, वातावरणिय प्रदुषण, वनविनास वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दूर्घटना वा यस्तै अन्य गैर प्राकृतिक विपद्बाट उत्पन्न विपद् सम्झनु पर्दछ ।

छ) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विष्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरीबतास, शीतलहर, तातो हावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक विपद्बाट उत्पन्न हुने जुनसुकै विपद् सम्झनु पदछ ।

ज) "विपद् खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोज तथा उद्धार गर्न क्रियाशिल वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनु पर्दछ र सो शब्दले तालिम प्राप्त मानवीय सहायता कर्मीलाई समेत जनाउनेछ ।

झ) "विपद् जोखिम न्यूनीकरण" भन्नाले विपद् पूर्व गरिने जोखिमको विशलेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई न्यूनीकरण गर्ने सम्बन्धी कार्य सम्झनु पर्दछ ।

ञ) "विपद् पुर्नलाभ" भन्नाले विपद्को घटना पछि गरिने पुर्ननिर्माण एवम् पुर्नस्थापनासँग सम्बन्धित कार्य सम्झनु पदछ ।

सुनिल कुमार मंडल
गा.पा. अध्यक्ष

ट) "विपद् प्रतिकार्य" भन्नाले विपद्को घटना पश्चात तत्काल खोज, उद्धार एवम् राहतसंग सम्बन्धित कार्य सम्झनु पर्दछ र सो शव्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउनेछ ।

ठ) "विपद् व्यवस्थापन" भन्नाले विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुर्नलाभसंग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनु पर्दछ ।

ड) "स्थानीय तह" भन्नाले महादेवा गाउँपालिका सम्झनु पर्दछ ।

ढ) "स्थानीय विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समिति" भन्नाले गाउँपालिकाको विपद् जोखीम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ को उपदफा (३) अनुसार गठन भएको स्थानीय विपद् व्यवस्थापन समिति सम्झनु पर्दछ ।

ण) "सामूहिक भेला" भन्नाले कार्यक्रम लागु गर्न छनोट गरिएका वा कार्यक्रम सञ्चालन गरिरहेका निश्चित क्षेत्रका घरहरुबाट उपस्थित भई भेला भएका समुदायका सदस्यहरुलाई जनाउँदछ ।

त) "समुदायका सदस्य" भन्नाले कार्यक्रम सञ्चालित क्षेत्रमा बसोवास गर्ने बासिन्दालाई जनाउँदछ ।

थ) "सामाजिक परिचालक" भन्नाले संस्था वा कार्यालयबाट छनोट भएर कार्यक्रम सञ्चालन भएका क्षेत्रमा सामुदायिक विपद् व्यवस्थापन समितिसंग समन्वय गरी कार्यक्रम सञ्चालनमा सहयोग गर्ने व्यक्तिलाई जनाउँदछ ।

द) "कोष" भन्नाले विपद् प्रतिकार्यका लागि समुदाय स्तरमा रकम संकलन गरी स्थापना गरिएको कोष भन्ने सम्झनु पर्दछ ।

ध) "सहयोगी संस्था" भन्नाले सुरक्षित समुदायका लागि विपद् जोखिम न्यूनीकरण कार्यक्रम सञ्चालन गर्न समुदायलाई सहयोग गर्ने संस्था वा निकायलाई जनाउदछ ।

न) "सचिव" भन्नाले सम्बन्धित वडामा वडा सचिवको रुपमा काम गर्न खटिएका कर्मचारीलाई जनाउनेछ ।

प) "वडा स्तरीय विपद् व्यवस्थापन समिति" भन्नाले गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २० . . को दफा . . ( ) अनुसार गठन भएको विपद् व्यवस्थापन समिति सम्झनु पर्दछ ।

फ) "कार्यदल" भन्नाले सामुदायिक विपद् व्यवस्थापन समिति अन्तर्गत कुनै विशिष्ट कार्य गर्नका लागि गठित कार्यदल सम्झनुपर्छ ।

## २. समितिको उद्देश्य :

धर्म, वर्ण, लिङ्ग, जातजाती वा राजनीतिक आस्थाका आधारमा कुनै किसिमको भेदभाव नगरी यस समितिले निम्न अनुसारका उद्देश्य राखी काम गर्नेछ :

क) गाउँपालिका, वडा कार्यालय तथा सहयोगी निकायद्वारा सञ्चालित समुदायमा आधारित विपद् पूर्वतयारीका कार्यक्रम सञ्चालन गर्न आवश्यक सहयोग गर्ने ।

ख) आफ्नो समुदायमा विपद्बाट पीडितलाई तत्काल उद्धार तथा राहत सेवा उपलब्ध गराउन सहयोगिको काम गर्ने ।

ग) सामुदायिक विपद् जोखिम न्यूनीकरणसंग सम्बन्धित गतिविधिहरु सञ्चालन गर्ने ।

घ) समुदायमा विपद् व्यवस्थापन सम्बन्धी जनचेतना जगाउने ।

ङ) समुदाय स्तरमा विकास निर्माणका कार्य गर्ने अन्य निकाय तथा संघ-संस्थासंग समन्वय र सहयोग गर्ने ।

च) विपद्का समयमा समुदाय स्तरमा एक स्वतन्त्र संगठनका रुपमा वडा स्तरीय विपद् व्यवस्थापन समितिको सहयोगी भई नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।

छ) वडा स्तरीय विपद् व्यवस्थापन समितिको आमन्त्रीत सदस्यको रुपमा काम गर्ने ।

सुनिल कुमार . . .
गा.पा. अध्यक्ष

## ३. समिति गठन प्रकृया :

विपद् जोखिम न्यूनीकरण कार्यक्रम समुदाय मार्फत सञ्चालन गर्ने अवधारणा अनुरुप सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानस्लि समिति को गठन निम्नानुसार गर्न सकिनेछ।

### क) सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समिति गठन तथा सूचीकृत सम्बन्धी व्यवस्था:

१) स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८ तथा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०८२. . . को दफा . . (विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४) बमोजिम सामुदायिक विपद् तथा जलवायु उत्थानशील समिति गठन गर्ने।
२) कुनै एक निश्चित समुदाय छनोट भई सकेपछि समुदायमा बसोबास गर्ने घरधुरीहरु र स्थानीय संघ-संस्थाहरुबाट सम्भव भएसम्म एक एक जना प्रतिनीधि बोलाई वडा कार्यालयको प्रतिनिधिको रहोबरमा सामुदायिक भेला गराउने।
३) तोकिएको समुदायभित्र बसोवास गर्ने एक घर एक सदस्य हुने गरी उपस्थित भेलाले १ जना संयोजक र १० जना सदस्यहरुको छनोट गरी सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समिति गठन गर्ने छ।
४) सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समिति गठन गर्दा समावेशीताको सिद्धान्तलाई अनिवार्य रुपमा ध्यान दिनुपर्ने छ। संयोजक, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा पनि १ जना महिला अनिवार्य हुनु पर्नेछ।
५) समिति गठन पश्चात् संयोजकले सदस्यहरुसंग परामर्श गरी निर्वाचित १० जना सदस्यहरु मध्येबाट सचिव - १ र कोषाध्यक्ष - १ जना छनोट गर्नुपर्नेछ।
६) समितिको संरक्षकको रुपमा सम्बन्धित वडाका वडा अध्यक्ष रहने छन्।
७) वडा कार्यालयमा सूचीकृत गर्न समितिको आम भेलाले निर्णय गरी अनुसूची १ बमोजिमको ढाँचामा सोही निबेदनमा उल्लेखित कागजातहरु संलग्न राखी कार्यालय समक्ष निबेदन दिनु पर्ने छ।
८) उपदफा ७ बमोजिम निबेदन प्राप्त भए पछि वडा कार्यालयको समितिले निर्धारण गरेको सेवाक्षेत्र भित्रका सबै घरधुरीहरु समावेश भए नभएको जाँच बुझ गरी अनुसूची २ बमोजिमको ढाँचामा समिति सूचीकृत भएको प्रमाणपत्र उपलब्ध गराउने छ।

### ख) समितिको संरचना

| क.स. | छनोटका आधारहरु | संख्या | पद | कैफियत |
|---|---|---|---|---|
| १ | सम्बन्धित समुदायको भेलामा उपस्थित भई सो भेलाले चयन गरेको व्यक्ति | १ | संयोजक | |
| २ | समुदायभित्र बसोवास गर्ने व्यक्ति (महिला, दलित, अपाङ्गता र जनजातिहरु मध्येबाट ४ जना अनिवार्य हुने गरी ) | १० | सदस्य | |
| | जम्मा | ११ जना | | |
| ३ | स्थानीय विपद् सम्बन्धी जानकार व्यक्ति | १ | सदस्य | आमन्त्रीत |
| ४ | नेपाल रेडक्रस सोसाइटी उपशाखाको प्रतिनिधि | १ | सदस्य | आमन्त्रीत |
| ५ | स्थानीय बुद्धिजिवी मध्येवाट समितिको राय सल्लाहमा संयोजकबाट मनोनित | १ | सदस्य | आमन्त्रीत |



गौर नगरपालिका कार्यपालिकाको कार्यालय बयनाहा, सप्तरी मधेश प्रदेश, नेपाल २०७३
सुनिल कुमार ... प्रा.अ. अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ६. | सम्बन्धित समुदायको वडा जनप्रतिनिधिमध्ये | १ | सदस्य | आमन्त्रीत |

*आमन्त्रीत सदस्यलाई समितिमा आवश्यकता अनुरुप राख्न सकिनेछ र समितिमा कम्तीमा ३३ प्रतिशत महिला सदस्य रहने सुनिश्चत गर्नु पर्नेछ ।

### ग) कार्यसमितिको बैठक:

१) सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समितिको बैठक कम्तीमा पनि दुई महिनामा एक पटक बस्नेछ ।
२) बैठकका लागि गणपूरक सख्या ५०% मानिनेछ ।
३) बैठकमा छलफल भई निंर्णय तथा सहमति भएका कुराहरुलाई निर्णय पुस्तिकामा अभिलेखीकरण गरिनेछ ।

### घ) समिति गठन विधि तथा कार्यकाल

१) एक पटक निर्वाचित सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समितिको पदावधि ३ वर्षको हुनेछ ।
२) कुनै कारणबस समितिका पदाधिकारीको पद रिक्त भएमा बाँकी अवधिका लागि कार्यसमितिका सदस्यहरुमध्येबाट समितिको निर्णय अनुसार पदपूर्ति गर्न सकिने छ ।
३) कार्यसमिति सदस्यको पद रिक्त भएमा सेवाक्षेत्र भित्रका घरधुरीका सदस्यमध्येबाट कार्यसमितिको निर्णयले बाँकी अवधिकालागि पद पूर्ति गरिने छ ।
४) समितिको संयोजक, सचिव र कोषाध्यक्षमा लगातार २ कार्यकाल भन्दा बढी एकै व्यक्ति रहन पाउने छैन ।
५) नयाँ निर्वाचन तथा पदपूर्तिको निर्णय हुने बैठकमा साझेदार संस्था भए सोको प्रतिनिधि समेत वडा समितिको प्रतिनिधिको उपस्थिति अनिवार्य हुने छ ।
६) समितिको निर्वाचन प्रक्रियामा निर्वाचन अधिकारीको रुपमा सम्बन्धित वडाका वडा सचिव वा निजले तोकेको कर्मचारी रहने छन ।
७) आवश्यकताका आधारमा सामुदायिक भेलाले ३ देखी ५ जना सम्मको सल्लाहकार समिति गठन गर्न सक्नेछन् ।

### ङ) कार्यालय व्यवस्यापन:

सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समितिको कार्यालय सम्बन्धित वडा कार्यालयको समन्वयमा सोही समुदायभित्र स्थापना गरिनेछ । विपद्को समयमा समितिको कार्यालय निर्धारित समुदाय भन्दा बाहिर स्थापना गर्नु पर्ने भएमा वडा समितिसंग समन्वय गरी अस्थाई रुपमा सुरक्षित स्थानमा सार्न बाधापर्ने छैन ।

### च) सामुहिक भेला:

१) सामुदायिक भेला गर्न सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समितिबाट निर्णय भए पछि संयोजकको निर्देशनमा सचिवले लिखित वा समुदायमा उपलब्ध स्रोतका आधारमा समुदायका सबै सदस्यहरुले थाहा पाउने गरी कम्तिमा ३ दिन अगावै सूचना दिनु पर्नेछ । सामुदायिक भेला कम्तिमा वर्षको २ पटक बस्नेछ ।

सुशिल कुमार मंडल
गा.पा. अध्यक्ष

२) सामुदायिक भेलाले समुदायमा सञ्चालन हुने विपद् जोखिम व्यवस्थापन सम्बन्धी योजनाका बारेमा छलफल तथा निर्णय गर्नेछ । निर्णय गर्दा सर्वसम्मतिको प्रयास गरिने छ । सो हुन नसके बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

३) व्यवस्थापन समितिद्वारा प्रस्तुत प्रतिवेदन, आगामी कार्यक्रम, आयव्यय प्रतिवेदन स्वीकृत गर्न र बजेट पारित गर्ने कार्य सामुदायिक भेलाबाट हुनेछ । सामुदायिक भेलाले सरकारी तथा गैर सरकारी निकाय, संघसंस्थासंगको सहकार्यको निती समेत स्वीकृत गर्ने छ ।

**छ) कोष तथा लेखा सम्बन्धि व्यवस्था:**

१) स्थानीय रुपमा सङ्कलित रकम र वाह्य स्रोतबाट प्राप्त रकम समितिको आयस्रोत हुनेछ ।

२) समितिमा जम्मा हुन आउने रकम बैङ्कमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

३) बैङ्क खाता सञ्चालन संयोजक, कोषाध्यक्ष र सचिवको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

४) समितिमा प्राप्त भएको नगद तथा जिन्सीको प्राप्ती र खर्चको विवरण वार्षिक साधारण सभा वा समितिले बोलाएको भेलामा प्रस्तुत गर्नु पर्नेछ ।

५) निर्धारित कार्यका लागि प्राप्त रकम सोही कार्यमा खर्च गर्नु पर्नेछ ।

६) कोष तथा लेखा व्यवस्था सम्बन्धी अन्य कार्यहरु विपद् पूर्वतयारी प्रतिकार्य लगायतका काममा खर्च गर्न सकिने छ । प्रभावकारी रुपमा कोष सञ्चालन गर्न समितिले कार्यविधि बनाइ लागू गर्न सक्ने छ ।

७) विपद् व्यवस्थापन सम्बन्धि समितिद्वारा निर्माण गरिएका निति नियम तथा कार्यविधिहरु वडा कार्यालय मार्फत नगरपालिकामा जानकारी गराए पश्चात् मात्र कार्यान्वयन गर्न सकिने छ ।

८) वार्षिक लेखा परीक्षण स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा सम्बन्धित वडाका वडा सचिव बाट गराउन सकिनेछ ।

**ज) अनुगमन तथा मूल्याङ्कन:**

१) सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समितिले समुदाय स्तरीय कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

२) समितिले स्थानीय विपद् जोखिम न्यूनीकरण कार्यक्रमहरुको प्रभावकारिताको समेत मूल्याङ्कन गरी आवश्यकता अनुसार सम्बन्धित निकायमा सुझाव, सल्लाह र सिफारिस गर्नु पर्नेछ ।

३) समितिले विपद् जोखिम न्यूनीकरण सम्बन्धि गतिविधिहरुको अनुगमन तथा मूल्याङ्कन स्वीकृत गरिएका अनुगमन सूचकहरू बमोजिम गर्नु पर्नेछ ।

४) समितिले आफ्नो अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन सम्बन्धित निकायहरुमा पेश गर्नु पर्नेछ ।

## ४ सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समितिको काम, कर्तव्य र जिम्मेवारी:

क) स्थानिय विपद् व्यवस्थापन समितिलाई विपद् व्यवस्थापन योजना तर्जुमा गर्न सहयोग गर्ने ।

ख) विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्ययोजना, आपत्कालीन कार्ययोजना, पुर्न:स्थापना तथा पुनर्निर्माण योजना तर्जुमा/अध्यावधिक र सोको कार्यान्वयन गर्ने/गराउने ।

ग) विपद्बाट प्रभावित क्षेत्रमा उद्धार र राहत कार्यको व्यवस्थापनमा सहयोग गर्ने ।

घ) समुदायस्तरमा विपद् जोखिमको अवस्था आवधिक रुपमा अध्ययन गरी समुदायमा रहेका प्रत्येक परिवारको विवरण अद्यावधिक गर्ने/गराउने ।

Sunil
सुनिल कुमार मंडल
गा.पा. अध्यक्ष

महादेवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बनगाहा, सप्तरी
मधेश प्रदेश, नेपाल
२०७२

ङ) समुदाय स्तरमा सञ्चालन हुने विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यक्रम एवं गतिविधिहरुमा सहयोग गर्ने ।

च) आवश्यकता अनुसार समुदाय स्तरमा रहेका कर्मचारी, नागरिक समाज तथा स्थानीय वासिन्दाहरुलाई विपद् जोखिम न्यूनीकरण सम्बन्धी जनचेतनामूलक गतिविधिहरु सञ्चालन गर्न सहयोग पु्याउने ।

छ) समुदाय स्तरमा सञ्चालन हुने उत्थानशिल सम्बन्धि पूर्वाधार निर्माण गर्ने कार्यमा सहयोग गर्ने ।

ज) समुदाय स्तरमा विपद् व्यवस्थापन कोष स्थापना गर्न सहयोग गर्ने/गराउने ।

झ) आवश्यकता अनुसार विभिन्न निकायहरुसंग सम्पर्क, समन्वय तथा स्रोत परिचालनमा ध्यान दिई सम्बन्धित निकायमा नियमित प्रतिवेदन पेश गर्ने,

ञ) प्रचलित नियम कानुन् अनुसार नियमित लेखापरीक्षण गर्ने/गराउने ।

## ४ सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र जिम्मेवारी:

### क) संयोजकको काम, कर्तव्य र जिम्मेवारी:

१) स्थानिय संघ-संस्था तथा सहयोगी संस्थासंग समन्वय गर्नुका साथै समितिको प्रतिनिधित्व गर्ने/गराउने ।

२) सम्बन्धित संघ सस्थाहरुसंग समय-समयमा सर्म्पक तथा समन्वय गर्ने/गराउने ।

३) विपद् जोखिम न्यूनीकरण सम्बन्धि कार्यक्रम सञ्चालनका लागि नेतृत्व गरी आवश्यक कार्य गर्ने/गराउने ।

४) समुदाय स्तरीय विपद् व्यवस्थापन समितिको उद्देश्य अनुरुपको कार्य गर्न आवश्यक नेतृत्व प्रदान गर्ने ।

५) सामुदायिक भेला तथा समितिले गरेका निर्णयहरु कार्यान्वयन, रेखदेख र नियन्त्रण गर्ने ।

६) सामुदायिक भेला तथा समितिले तोकेका सबै काम गर्ने/गराउने ।

७) विपद्का समयमा सम्बन्धित व्यक्ति, निकाय, संघ-संस्थाहरुसंग समन्वय गरी आवश्यक उद्धार र राहत तथा प्रतिकार्य गर्न व्यवस्था मिलाउने ।

८) समितिको सम्पूर्ण चल अचल सम्पत्तिको संरक्षण, रेखदेख र नियन्त्रण गर्ने ।

९) स्थानिय विपद् व्यवस्थापन समिति, वडा समिति, सहयोगी संस्था, फिल्ड संयोजक, सामुदायिक प्रशिक्षक, सामुदायिक परिचालकहरु र समुदायसंग समन्वय तथा सर्म्पक कायम गरी विपद् सम्बन्धी विभिन्न क्रियाकलाप तथा प्रशिक्षण सञ्चालन् गर्न सहयोग गर्ने ।

१०) मासिक तथा अन्य प्रतिवेदनहरु स्थानिय विपद् व्यवस्थापन समिति, सहयोगी संस्था र सम्वन्धित निकाय मा पठाउने व्यवस्थापन मिलाउने ।

### ख) सचिवको काम, कर्तव्य र जिम्मेवारी:

१) संयोजकसंग परामर्स गरी सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समितिको बैठक बोलाउने ।

२) समितिका कागजपत्र, निर्णय पुस्तिका तथा अन्य प्रशासनिक कार्य सञ्चालन गरी चुस्तदुरुस्त अभिलेख राख्ने ।

३) समुदायमा सञ्चालित विपद् जोखिम न्यूनीकरण सम्बन्धि सम्पूर्ण कार्यको रेखदेख, कार्यान्वयन तथा मुल्याङ्कन गर्ने/गराउने ।

४) समुदाय स्तरीय विपद् व्यवस्थापन समितिको वार्षिक कार्ययोजना तयारीको आवश्यक व्यवस्था मिलाउने ।

५) सामुदायिक विपद् जोखिम न्यूनीकरण सम्बन्धि विभिन्न क्रियाकलापका प्रतिवेदन तयार पारी सम्बन्धित व्यक्ति तथा निकायमा पेश गर्न व्यवस्था मिलाउने ।

**ग) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार:**

१) समितिमा प्राप्त भएको आम्दानीको हिसावकिताब राख्ने र आयव्यय विवरण तयार गरी समितिको बैठक र सामुदायिक भेलामा पेश गर्ने ।

२) समितिको कोषमा भएको रकम खर्च गर्न गरिएका निर्णय, बील भरपाई तथा सम्बन्धित कागजपत्र दुरुस्त राख्ने ।

३) आपतकालिन कोष वृद्धि गर्न कार्यक्रमहरु तर्जुमा गर्ने/गराउने ।

४) समितिको आर्थिक प्रशासन सम्बन्धी सबै विषयहरुको जिम्मेवारी लिई कार्य गर्ने ।

**घ) समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार:**

१) सामुदायिक विपद् जोखिम न्यूनीकरण सम्बन्धी क्रियाकलापमा सक्रिय सहभागिता जनाउने र समुदायका सबै सदस्यलाई परिचालन गर्न सहयोग गर्ने ।

२) समुदायमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्य तथा तालिममा सहभागी हुनेहरुको छनोटमा सहयोग गर्ने ।

३) समुदायका प्रत्येक परिवारको पारिवारिक विवरण तयार पार्न सहयोग गर्ने ।

४) समुदायका प्रकोप, संकटासन्नता र क्षमताको पहिचान गरी योजना निर्माण तथा कार्यान्वयन गर्न गराउन सहयोग गर्ने ।

५) समितिले निर्धारण गरेका अन्य आवश्यक कार्यमा सहयोग गर्ने ।

**ङ) सामाजिक परिचालकको काम, कर्तव्य र अधिकार:**

१) समुदायमा विभिन्न प्रशिक्षण सञ्चालन गर्न सहयोग गर्ने ।

२) प्रकोप, संकटासन्नता र क्षमताको पहिचान र नक्शाँकन गर्न सहयोग गर्ने ।

३) समुदायको सवल, दुर्बल, चुनौती र अवसरको विश्लेषण (SWOT Analysis) गर्न सहयोग गर्ने ।

४) समुदायमा विपद् जोखिम न्यूनीकरण व्यवस्थापन योजना तयार पार्न सहयोग गर्ने ।

५) मासिक प्रतिवेदन लगायत अन्य प्रतिवेदन तयार पार्न सहयोग गर्ने ।

६) स्थानिय विपद् व्यवस्थापन समिति र सहयोगी निकायसंग समय समयमा सम्पर्क तथा समन्वय गरी कार्यक्रम सञ्चालनमा सहयोग गर्ने ।

७) समुदायिक विपद् जोखिम न्यूनीकरण सम्बन्धि विभिन्न कार्यमा संलग्न हुने तथा आवश्यक्तानुसार जनसहभागिता जुटाउन सहयोग गर्ने र समुदायलाई हरेक गतिविधिहरुमा उत्प्रेरणा गराउने ।

८) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी जनचेतना जगाउने ।

९) समितिलाई आवश्यक पर्ने कार्यमा सहयोग गर्ने/गराउने ।

सुनिल कुमार मंडल
गा.पा. अध्यक्ष

## ६. उपसमितिको गठन:

समुदायमा विपद् जोखिम न्यूनीकरण सम्बन्धित कार्यलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकताका आधारमा सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समितिको निर्णयानुसार समुदायका सदस्यहरु समेतलाई संलग्न गराई समावेशी रुपमा उपसमितिहरु गठन गरी कार्य सञ्चालन गर्न सकिनेछ । यसरी उपसमिति गठन गर्दा प्रत्येक उपसमितिमा कम्तीमा ३ जना देखि ५ जना सम्म सदस्यहरु रहने गरि उपसमिति गठन गरिनेछ ।

### क) उपसमितिको काम, कर्तव्य र जिम्मेवारी:

१) समुदाय स्तरमा सञ्चालन हुने हरेक गतिविधिहरुमा सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समितिसंग समन्वय गरी अंर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने/गराउने ।
२) समितिसंग नियमित रुपमा समन्वय तथा सहकार्य गर्ने ।
३) समुदायमा सञ्चालन हुने विपद् व्यवस्थापन कार्य तथा तालिमका लागि सहभागि छनोट र व्यवस्थापनमा सहयोग गर्ने ।
४) समुदायमा बसोबास गर्ने परिवारलाई विपद् पूर्वतयारी तथा विपद् व्यवस्थापन सम्बन्धी जानकारी गराउने ।
५) समुदायका प्रत्येक परिवारको पारिवारिक विवरण अद्यावधिक गर्न सहयोग गर्ने ।,
६) विपद् प्रतिकार्यका लागि सामुदायिक रुपमा पूर्वतयारीमा रहन प्रेरित गर्ने ।

## ७. सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समितिको सरकारी निकायसंगको सम्वन्ध:

क) नेपाल सरकारबाट अनुमोदन गरिएका विद्यमान LDCRP मार्गदर्शन२०६८ (स्थानीय विपद् तथा जलवायु उत्थानशील कार्यढाँचा २०८२)अनुरुप वडा स्तरमा गठन भएका सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानशील समिति(CDMC/CDMRC) लाई वडा कार्यालयमा सुचीकरन गरी बार्षिक रूपमा नबीकरण गर्ने ।

ख) सामुदायिक विपद् व्यवस्थापन तथा विपद् जोखिम व्यवस्थापनका योजनाहरुलाई नगरपालिकाको वार्षिक तथा आवधिक योजनामा समाबेस गरी कार्यान्वयनै गर्ने गराउने ।

ग) स्थानीय आपतकालिन कार्यसंचालन केन्द्रमा सूचना अध्यावधिक गर्न सहयोगिको भूमिका निर्वाह गर्ने/गराउने ।

घ) आफ्नो समुदायमा घटेका विपद्का घटनाहरु तत्काल स्थानीय आपतकालिन कार्यसंचालन केन्द्रमा जानकरी गराउने व्यवस्था मिलाउने ।

## ८) सन्दर्भ सामग्रीहरु:


स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना २०
विपद् व्यवस्थापन सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको ऐन २०७४
स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा (LDRMP) निर्देशिका २०६८

## ८. विविध

**क) सामुदायिक विपद व्यवस्थापन तथा जलवायु उत्थानशील समिति गठन तथा परिचालन**

समुदायस्तरमा बिपद पुर्वतयारी , प्रतिकार्य, पुर्नस्थापन र जलवायु अनुकूलन संग सम्बंधित कार्य गर्नका लागी सामुदायिक विपद व्यवस्थापन तथा जलवायु उत्थानशील समिति गठन ,परिचालन तथा अनुगमन र मूल्यांकन वडा कार्यालय मार्फत हुनेछ आवश्यक परेमा स्थानीय विपद व्यस्थापन समितिले अनुगमन,मूल्यांकन र निर्देशन दिन सकिनेछ ।

**ख) सामुदायिक विपद व्यवस्थापन तथा जलवायु उत्थानशील समिति सूचीकरण निवेदन दिनुपर्ने**

समिति सुचिकरणको लागी वडा कार्यालयमा बुदां ३ क (७) बमोजिम निवेदन दिनु पर्ने ।

**ग) सामुदायिक विपद व्यवस्थापन तथा जलवायु उत्थानशील समिति सूचीकरण**

यस महादेवा गा.पा. अन्तर्गत गठित सामुदायिक विपद व्यवस्थापन तथा जलवायु उत्थानशील समिति सुचिकरण सम्बन्धी व्यवस्था वडा कार्यालयमा बुदां ३ क (८) बमोजिम हुनेछ ।

**घ) कार्यविधि संशोधन वा खारेज गर्न सक्ने**

महादेवा गा.पा. कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यबिधि संशोधन वा खारेज गर्न सक्ने छ ।

Sunil

सुनिल कुमार मंडल
गा.पा. अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय
सप्तरी
मधेश प्रदेश, नेपाल
२०७४

सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समिति गठन तथा परिचालन
कार्यविधि २०८२ को बुदा ३ (क) (७) संग सम्बन्धित

## अनुसुचि १

मिति......

श्री सचिव ज्यू
वडा समितिको कार्यालय
वडा न.....
. . . . . गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
. . . . .

विषय: सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समिति (CDMCRC) सुचिकृत सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको वडा न. ..स्थित ...... समुदायमा गठन गरिएको ........ सामुदायिक बिपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समितिलाई सुचिकृत गरि दिन हुन निम्नानुसारका बिवरण सहित अनुरोध गर्दछु । यस ................. समितिको सेवाक्षेत्र निम्न चारकिल्ला भित्र रहेको ब्यहोरा अनुरोध छ ।

संलग्न:
१) सामुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समिति (CDMCRC) गठन गर्न बसेको भेलाको उपस्थिति र निर्णय
२) कार्यसमितिका सदस्य पदाधिकारीहरुको नाम थर नागरिकता नम्बर र सम्पर्क नम्बर
३) सेवा क्षेत्र भित्रका घरधुरीको उमेर समेत खुल्ने गरि पारिवारिक बिवरण

सेवाक्षेत्रको चारकिल्ला

पूर्व सिमाना.....................
पश्चिम सिमाना...............
उत्तर सिमाना ........................
दक्षिण सिमाना ..........................

निबेदक
अध्यक्षको नाम..............

सामुदायिक बिपद् व्यवस्थापन
समितिको नाम..................
ठेगाना...................

निबेदकको हस्ताक्षर

सामुदायिक बिपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समिति गठन तथा परिचालन कार्यबिधि २०८२ को बुदा ३ (क) (८) संग सम्बन्धित

अनूसुचि २

. . . . . . गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,

. . . (जिल्ला)
.............. न . वडा कार्यालय

## सामुदायिक बिपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समिति सुचिकृत प्रमाण पत्र

. . . गाउँपालिका वडा नं. .... स्थित ..................... मा गठन भएको ............................ मुदायिक विपद् व्यवस्थापन तथा जलवायु उत्थानसिल समिति लाई यस कार्यालयको मिति ...........को निर्णय अनुसार मिति ....... मा सुचिकृत गरि यो प्रमाण पत्र प्रदान गरिएको छ ।

गाउँपालिकाको बिपद् व्यवस्थापन कार्यमा सक्रिय सहभागिताको अपेक्षा गर्दछु ।

................
वडा सचिव

सुनिल कुमार मंडल
गा.पा. अध्यक्ष